# निजगढ राजपत्र

## निजगढ नगरपालिकाद्वारा प्रकाशित

**खण्डः ९** **संख्याः १** **मितिः २०८२/०१/२६**

## भाग -१

## निजगढ नगरपालिकाको शिक्षा (दोस्रो संसोधन) ऐन, २०८२

**प्रस्तावनाः**

निजगढ नगरपालिकाको शिक्षा ऐन, २०७७ लाई संसोधन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकारको प्रयोग गरी निजगढ नगरपालिका नगरकार्यपालिकाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो ऐनको नाम "निजगढ नगरपालिकाको शिक्षा (दोस्रो संसोधन) ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

**२.निजगढ नगरपालिकाको शिक्षा ऐन, २०७७ को दफा ५० मा संसोधनः**

निजगढ नगरपालिकाको शिक्षा ऐन, २०७७ (यस पछि "मूल ऐन" भनिएको) को दफा ५० को उपदफा (१) को खण्ड (ग) को सट्टा देहायको (ग) राखिएको छ :–

**दफा ५० को उपदफा (१) को खण्ड (ग)** जिल्ला/नगरपालिकामा सूचीकृत विषय विशेषज्ञहरू मध्ये दुई जना –सदस्य

**३.मूल ऐनको दफा ५३ को उपदफा (५) पछि उपदफा (६) थप गरी देहायको व्यवस्था गरिएको छः**

**दफा ५३ को उपदफा (६)** सामुदायिक विद्यालयको प्रधानाध्यापकको प्रत्येक वर्षको लागि कार्यसम्पादन करार सम्झौता गरिनेछ ।

**आज्ञाले**

राजेन्द्र बहादुर अर्याल

प्रमुख प्रशासकीय अधिकृत